# नेपाल राजपत्र


श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१ ) काठमाडौं, पुस १ गते २०४८ साल ( अतिरिक्ताङ्क ५७ (क)


## भाग २

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बीसौं वर्षमा संसदले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४८ सालको ऐन नं. ३६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई
कार्यान्वयन गर्न बनेको ऐन

प्रस्तावना : श्री ५ को सरकारको अर्थ सम्बन्धी प्रस्तावहरूलाई कार्यान्वयन गर्न केही महसूल, कर, पोत, शुल्क र दस्तूर लगाउन, लगाईराखेकोलाई चालु राख्न वा हेरफेर गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासन कालको बीसौं वर्षमा संसदले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "आर्थिक ऐन, २०४८" रहेको छ।

(२) यस ऐनको दफा १,२,३ र ४- २०४८ साल आषाढ २७ गतेदेखि र अरू दफाहरू २०४८ साल श्रावण १ गतेदेखि प्रारम्भ भएको मानिनेछ।

२. भन्सार महसुल : नेपाल अधिराज्यबाट विदेशमा निकासी हुने र विदेशबाट नेपाल अधिराज्यभित्र पैठारी हुने मालवस्तुहरूमा अनुसूची - १ बमोजिम भन्सार महसूल (साधारण भन्सार महसूल, अतिरिक्त भन्सार महसूल र समिकारक महसूल) लगाईने र असूल उपर गरिने छ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१०४४

३. <u>अन्तःशुल्क</u> : नेपाल अधिराज्यभित्रका मिल वा कारखानामा उत्पादन वा तयार भएका मालवस्तु वा पदार्थमा अनुसूची - २ बमोजिम अन्तःशुल्क लगाईने र असूल उपर गरिनेछ ।

४. <u>बिक्री कर</u> : (१) विदेशबाट नेपाल अधिराज्यभित्र पैठारी हुने मालवस्तुमा र नेपाल अधिराज्य भित्रका मिल वा कारखानामा उत्पादन वा तयार भएका मालवस्तुमा अनुसूची -३ बमोजिम बिक्री कर लगाईने र असूल उपर गरिनेछ।

(२) बिक्री कर सम्बन्धी अन्य व्यवस्था आर्थिक ऐन, २०४७ बमोजिम हुनेछ ।

५. <u>हवाई उडान कर</u> : आर्थिक वर्ष २०४८।४९ मा आर्थिक ऐन, २०४७ बमोजिम हवाई उडान कर लगाईने र असुल उपर गरिने छ।

६. <u>आय कर</u> : आर्थिक वर्ष २०४८।४९ मा अनुसूची-४ बमोजिम आयकर लगाइने र असूल उपर गरिनेछ।

७. <u>सम्पत्ति कर</u> : आर्थिक वर्ष २०४८।४९ मा आर्थिक ऐन, २०४७ बमोजिम सम्पत्तिकर लगाइने र असूल उपर गरिनेछ ।

८. <u>शहरी क्षेत्र घरजग्गा कर</u> : आर्थिक वर्ष २०४८।४९ मा आर्थिक ऐन, २०४७ बमोजिम शहरी क्षेत्रको घरजग्गामा शहरी क्षेत्र घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। १०४२

९. <u>ठेक्का कर</u> : आर्थिक वर्ष २०४८।४९ मा आर्थिक ऐन, २०४७ बमोजिम ठेक्का कर लगाइने र असूल उपर गरिनेछ ।

१०. <u>सवारी साधन कर</u> : आर्थिक वर्ष २०४८।४९ मा अनुसूची - ४ बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ ।

११. <u>मनोरञ्जन कर</u> : आर्थिक वर्ष २०४८।४९ मा आर्थिक ऐन, २०४७ बमोजिम मनोरञ्जन कर लगाईने र असूल उपर गरिनेछ।

तर,

(क) नेपाल अधिराज्यमा नेपाली निर्माताहरुद्वारा राष्ट्र तथा राष्ट्रिय भाषामा निर्मित चलचित्र, भिडियो फिल्म वा टेलिफिल्म प्रदर्शनबाट उठेको मनोरञ्जन कर रकमको दुई तिहाई रकम यस्तो चलचित्र, भिडियो फिल्म वा टेलिफिल्म निर्मातालाई तथा ५ प्रतिशत रकम चलचित्र, भिडियो फिल्म वा टेलिफिल्म प्रदर्शन गर्ने हल धनीलाई अनुदानको रूपमा उपलब्ध गराईने छ ।

(ख) टुरिङ टाकिजको रूपमा चलचित्र प्रदर्शनको इजाजत लिएकाहरूबाट मासिक रू. १२,०००।- का दरले प्रत्येक महिनाको १ गते एकमुष्ट मनोरञ्जन कर असूल गरिने छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. <u>होटल कर</u> : आर्थिक वर्ष २०४८।४९ मा आर्थिक ऐन, २०४७ बमोजिम होटल कर लगाइने र असूल उपर गरिनेछ ।

तर,

(क) होटलले आफ्ना ग्राहक तथा पाहुनाहरूलाई उपलब्ध गराउने संचार सेवा वाहेक अरू सवै सेवाहरू वापत होटलले लिने रकममा पनि होटल कर लगाईने र असूल उपर गरिने छ।

(ख) तारा नभएको होटल तथा लज, रेष्टुराँ र वारहरूवाट वार्षिक रूपमा होटल कर तोकि मासिक रूपमा असूल उपर गरिने छ। स्थानीय कर कार्यालयको कार्यालय प्रमुखको अध्यक्षतामा सम्बन्धित करदाताहरूको संघका प्रतिनिधि र यस्तो संघ नभएमा स्थानीय उद्योग वाणिज्य संघले तोकेको यस्तो व्यवसायी प्रतिनिधि, स्थानीय अन्तःशुल्क अधिकृत वा सो नभए स्थानीय प्रशासनका प्रतिनिधि समेत भएको समितिले यस्तो वार्षिक होटल कर तोक्ने छ ।

१३. <u>व्याज कर</u> : आर्थिक वर्ष २०४८।४९ मा आर्थिक ऐन २०४७ बमोजिम व्याज कर लगाईने र असूल उपर गरिनेछ।

१४. <u>घर जग्गा बहाल कर</u> : आर्थिक वर्ष २०४८।४९ मा अनुसूची - ६ बमोजिम घर जग्गा बहाल कर लगाईने र असूल उपर गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। १०४८

१५. सडक पुल सम्भार कर : आर्थिक वर्ष २०४८।४९ मा आर्थिक ऐन, २०४७ बमोजिम सडक पुल सम्भार कर लगाइने र असूल उपर गरिनेछ ।

१६. टेलिभिजन र भिडियो डेकमा लाग्ने दस्तुर : आर्थिक वर्ष २०४८।४९ मा अनुसूची - ७ बमोजिम टेलिभिजन र भिडियो डेकमा दस्तुर लगाइने र असूल उपर गरिनेछ ।

१७. मालपोत तथा भूमिकर : आर्थिक वर्ष २०४८।४९ मा आर्थिक ऐन, २०४७ बमोजिम मालपोत, भूमिकर तथा स्थानीय विकास शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१८. रजिष्ट्रेशन दस्तुर : आर्थिक वर्ष २०४८।४९ मा आर्थिक ऐन, २०४७ बमोजिम रजिष्ट्रेशन दस्तुर लगाइने र असूल उपर गरिनेछ ।

१९. दर घटाउन सक्ने : श्री ५ को सरकारले आवश्यकतानुसार नेपाल राजपत्रमा सूचना प्रकाशित गरी दफा २ र ४ मा उल्लेखित भन्सार महसूल र बिक्री करको दर घटाउन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 1048

# अनुसूची १

## भन्सार महसूल दरबन्दी
## २०४८।४९

| संकेत नम्बर | माल वा वस्तुको नाम | महसूल दर प्रति १०० के.जी. वा मो.प्र.रा.(%) (अन्यथा केही उल्लेख नभएको भए) पैठारी साधारण भन्सार महसूल | निकासी भन्सार महसूल |
|---|---|---|---|
| १ | २ | ३ | ४ |
| ०१- ०१ | जीवित घोडाहरु, गधाहरु, खच्चर र हिन्जि | माफी | ०.५०% |
| ०१- ०३ | जीवित सुँगुर | माफी | ०.५०% |
| ०१- ०४ | जीवित भेडा र बाख्रा : | | |
| (क) | भेडा | माफी | ०.५०% |


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार
9685

| | | | | |
|---|---|---|---|---|
| | (ख) | बाख्रा | माफी | ०.५०% |
| ०१- ०५ | | जीवित कुखुरा, अर्थात् लुइँचे, गिनीफाउल, हाँस, टर्की, पानी हाँस समेत : | | |
| | (ख) | अन्य कुखुरा | माफी | ०.५०% |
| ०१- ०६ | | अन्य जीवित जन्तु : | | |
| | (क) | मुख्यतः मासु खान हुने प्रकारका जीव-जन्तु | माफी | ०.५०% |
| | (ख) | अन्य (चिडियाखानाका जन्तु कुकुर बिरालो समेत) | माफी | ०.५०% |
| ०३- ०१ | | माछा, ताजा (जीवित वा मरेको) चिसो (चिल्ड वा फ्रोजेन) | | |
| | (क) | माछा, ताजा (मरेको वा जीवित) चिसो (चिल्ड वा फ्रोजेन) (फिला बाहेक) | माफी | ०.५०% |
| | (ख) | माछा, चिसो (फ्रोजेन) (फिला बाहेक) | माफी | ०.५०% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | (ग) | माछाको फिला ताजा र चिसो (चिल्ड) | माफी | ०.५०% |
| | (घ) | माछाको फिला चिसो (फ्रोजेन) | माफी | ०.५०% |
| ०४-०१ | | दूध र तर, ताजा, नजमाएको वा गुलियो नगरेको | माफी | ०.५०% |
| ०४-०५ | | चरा चरुङ्गीको फुल, फुल भित्रको पहेंलो भाग, ताजा, सुकेको वा सुरक्षित, गुलियो गरेको वा नगरेको : | | |
| | (क) | नफुटाएको फुल : | | |
| | | १ हाँस र कुखुराको फुल | माफी | ०.५०% |
| | | २ अन्य | माफी | ०.५०% |
| | (ख) | अन्य | माफी | ०.५०% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| ०५- ०८ | | हाड वा सिंग भित्रको हाड, अप्रशोधित, बोसो हटाईएको साधारण रूपले तयारी गरेको (तर साइज मिलाई नकाटेको) एसिड घोलिएको वा चिटचिटेपन हटाईएको (डिजेल्याटनाइज्ड) यी उत्पादनका धूलो र अवशेषहरू | माफी | ०.५०% |
| ०७- ०१ | | ताजा वा चिसोमा राखेको सागपातहरू : | | |
| | (क) | आलु | माफी | ०.५०% |
| | (ख) | टमाटर | माफी | ०.५०% |
| | (ग) | प्याज, छ्यापी, लसून, पिडालु र यस्तै लसून प्याज जातिका सागपात (जस्तै चाईभ र वेल्स प्याज) | माफी | ०.५०% |
| | (घ) | अन्य | माफी | ०.५०% |
| ०८- ०१ | | खजूरको फल, केरा, नरिवल, ब्राजिल सुपारी, | | |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9022

| | | | | |
|---|---|---|---|---|
| | | काजु, भुइँकटहर एमोकेडस (शरीफा), आँप, अम्बा, मलायामा हुने एक किसिमको आँपको जस्तो फल ताजा वा सुकाएको, बोक्रा छोडाएको वा नछोडाएको : | | |
| (क) | | केरा | माफी | ०.५०% |
| (ख) | | नरीवल : | | |
| | १ | ताजा | माफी | ०.५०% |
| | २ | अन्य | १५% | ०.५०% |
| (ग) | | ब्राजिल सुपारी | १५% | ०.५०% |
| (घ) | | काजू | १५% | ०.५०% |
| (ङ) | | भुइँकटहर | माफी | ०.५०% |
| (च) | | एमोकेडस, आँप, अम्बा, मलायाको आँप जस्तो फल | माफी | ०.५०% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

9042

| | | | | |
|---|---|---|---|---|
| | (छ) | खजुर (छोहरा) | १५% | ०.५०% |
| ०८- ०२ | | रसदार फलफूल, ताजा वा सुकाएको : | | |
| | (क) | सुन्तला | माफी | ०.५०% |
| | (ख) | माण्डरीन सुन्तला (ताञ्जारिन र सास्तुमान समेत) नरम, सुन्तला, विलिङ र अन्य यस्तैं रसदार वर्णशङ्कर | माफी | ०.५०% |
| | (ग) | कागती, निबुआ र ज्यामिर | माफी | ०.५०% |
| | (घ) | ग्रेप फ्रुट्स | माफी | ०.५०% |
| | (ङ) | अन्य | माफी | ०.५०% |
| ०८- ०३ | | अंजीर सुकाएको वा ताजा : | | |
| | १ | ताजा | माफी | ०.५०% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

9028

| | | | | |
|---|---|---|---|---|
| | | २ सुकाएको | १५% | ०.५०% |
| ०८-०४ | | अंगुर ताजा वा सुकाएको : | | |
| | | १ ताजा | माफी | ०.५०% |
| | | २ सुकाएको | १५% | ०.५०% |
| ०८-०५ | | संकेत नं.०८-०१ अन्तर्गत पर्ने बाहेक ताजा वा सुकाएको वा बोक्रा छोडाएको वा नछोडाएको सुपारी (कडा बोक्रा भएको फलफूल) : | | |
| | (क) | बदाम (अलमोण्डा) | १५% | ०.५०% |
| | (ख) | खैरो खवटे फलफुल (खैरो सुपारी) | १५% | ०.५०% |
| | (ग) | अन्य : | | |
| | | १ सुपारी | १५% | ०.५०% |
| | | २ अन्य | १५% | ०.५०% |
| ०८-०६ | | ताजा स्याउ, नास्पाति, श्रीफल : | | |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | (क) | स्याउ | माफी | ०.५०% |
| | (ख) | नास्पाति र श्रीफल | माफी | ०.५०% |
| ०८-०७ | | ताजा सारो फलफुल | माफी | ०.५०% |
| ०८-०८ | | बयर ताजा | माफी | ०.५०% |
| ०८-०९ | | ताजा अन्य फलफुल | माफी | ०.५०% |
| ०८-१० | | चिनी नहालेको चिसो गरी सुरक्षित गरिएको (पकाएको वा नपकाएको फलफुल) | माफी | ०.५०% |
| ०८-११ | | तुरुन्त उपयोग गर्न नहुने स्थितिको सुरक्षित फलफुल (जस्तै गन्धक डाईअक्साईड ग्यासबाट) नूनपानीमा वा अन्य सुरक्षित गर्ने तरल पदार्थद्वारा सुरक्षित गरिएको | माफी | ०.५०% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ०८- १२ | संकेत नं. ०८-०१,०८-०२,०८-०३,०८-०४ वा ०८-०५ अन्तर्गत पर्ने बाहेकको सुकाएको फलफूल | १५% | ०.५०% |
| ०८- १३ | खरबुजा र सुन्तला, निबुआ जाति (साइट्रस) फलफुलको ताजा, चिसोमा राखेको, सुकाएको, नून पानी, गन्धक पानी वा अन्य सुरक्षित गर्ने तरल पदार्थमा राखी सुरक्षित गरेको बोक्रा | माफी | ०.५०% |
| ०९- ०४ | विभिन्न जातको मरीच, विभिन्न जातका खोर्सानी : | | |
| १ | हरियो खोर्सानी | माफी | ०.५०% |
| ०९- ०६ | दालचिनी र दालचिनीको रूख र फूल | १५% | ०.५०% |
| ०९- ०७ | ल्वांग (सिंगो ल्वांग, ल्वांगको फूल र भेट्नु) | १५% | ०.५०% |
| ०९- ०८ | जाइफल, जाइपत्री, अलैंची : | | |
| १ | अलैंची तथा सुकमेल | १५% | ०.५०% |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | | २ अन्य | १०% | ०.५०% |
| ०९- १० | | पुदीना, केसर, तेजपात (सिन्काउली) अन्य मसलाहरू : | | |
| | (क) | १ काँचो अदुवा | माफी | ०.५०% |
| | (ख) | २ सुकेको बेसार र धूलो, मेथी | ५% | ०.५०% |
| | | ३ केसर | १५% | ०.५०% |
| १०- ०७ | | फापर, कोदो (मिलेट), क्यानरी सिड (चराको आहारा) र कागुनाको दाना र अन्य अन्न : | | |
| | (क) | कोदो | माफी | ०.५०% |
| | (ख) | कागुन | माफी | ०.५०% |
| | (ग) | अन्य | माफी | ०.५०% |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| ११-०१ | | अन्नको मैदा : | | |
| | (क) | गहुं वा नसिलनको | माफी | ०.५०% |
| | (ख) | अरु अन्नको | माफी | ०.५०% |
| ११-०२ | | कुटेको अन्न र अन्नको पिठो तयार पारेको अन्न (जस्तै च्याप्ला पारेको, फलेको मोति जस्तो आट्लो बनाएको वा पिंधेको तर त्यो भन्दा बढी केही नगरेको) संकेत नं. १०-०६ अन्तरगत पर्ने चामल बाहेक कुटेको, च्याप्ला पारेको वा पिंधेको वा सिङ्गो अन्नको कनिका : | | |
| | (क) | गहुँको कुटेको वस्तु पिठो वा डल्ला | माफी | ०.५०% |
| | (ख) | गहुँको बाहेक अन्नको कुटेको वस्तु, पिठो वा डल्ला : | | |
| | | १ मकैको | माफी | ०.५०% |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | २ | चामलको | माफी | [illegible] |
| | ३ | अरू अन्नको | माफी | [illegible] |
| १२- ०१ | | तेलहन र तेल आउने फलफूल सिंगो वा फुटाएको : | | |
| | (क) | बदाम (मुमफली) | माफी | ०.५०% |
| | (ख) | सुकेको नरिवलको गुदी | १०% | ०.५०% |
| | (ग) | ताडी दाना र बियाँ | माफी | ०.५०% |
| | (घ) | भटमास | माफी | ०.५०% |
| | (ङ) | आलस | माफी | ०.५०% |
| | (च) | कपासको दाना (ज्यापु) | माफी | ०.५०% |
| | (छ) | अण्डीको दाना | माफी | ०.५०% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | (ज) | सूर्यमुखी फूलको दाना | माफी | ०.५०% |
| | (झ) | तिल | माफी | ०.५०% |
| १२- ०२ | | तेलहन वा तेल आउने बियाँको तेल ननिकालेको (सस्यूँको पिठो बाहेक) पिठो र मैदा (फुलो) | माफी | ०.५०% |
| १४- ०५ | | वनस्पति उत्पादन अन्यत्र नपरेको : | | |
| | १ | महुवा | माफी | ०.५०% |
| | २ | पानको पत्ती | माफी | ०.५०% |
| | ३ | बिडी बनाउने पात | माफी | ०.५०% |
| | ४ | श्रीखण्ड | माफी | ०.५०% |
| | ६ | छाला प्रशोधन गर्ने वा रङ्गाउने कच्चा पदार्थ | माफी | ०.५०% |
| १७- ०१ | | चुकन्दरको चिनी वा उखुको चिनी, ठोस रूपमा : | | |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| | (क) | | कच्चा चिनी : | | |
| | | २ | अन्य | माफी | ०.५०% |
| १७- ०३ | | | शिरा वा उखुको रस (टेमाछुवा खुदो, समेत) | १५% | ०.५०% |
| १७- ०४ | | | कोको नभएको चिनीको मिठाईहरू : | | |
| | | १ | पिपरमेण्ट, टफीहरू, पीपी, लेमनचुस, चकलेटहरू र चुइंगम | २०% | ०.५०% |
| | | २ | अन्य | २०% | ०.५०% |
| १९- ०५ | | | अन्न वा अन्नबाट प्राप्त पदार्थलाई फुटाएर र भुटेर तयार गरिएको खाद्य पदार्थहरू (फुराएको भात, अन्य फुराएको वा सुकाएको अन्न र यस्तै प्रकारका उत्पादनहरू) | १५% | ०.५०% |
| १९- ०८ | | | पेष्ट्री बिस्कुट, केक र राम्रा खालका रोटीका सामानहरू कुनै अनुपातमा कोको मिसिएको | | |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | | वा नमिसिएको | २०% | ०.५०% |
| २०- ०५ | | जाम फलफूलको जेली, मार्मलेड, फलफूलको पुरी र फलफूलको लेदो, पकाई तयार गरिएको, थप चिनी मिसिएको वा नमिसिएको | २०% | ०.५०% |
| २०- ०६ | | अन्य किसिमबाट तयार गरिएको वा सुरक्षित गरिएको फलफूल, चिनी वा स्पिरिट मिसाई-एको वा नमिसाइएको : | | |
| | (क) | भुटिएको सुपारी, भुटिएको बदाम समेत : | | |
| | १ | बोतल वा टिनमा बन्द गरिएको | २०% | ०.५०% |
| | २ | अन्य | २०% | ०.५०% |
| | (ख) | अन्य : | | |
| | १ | बोतल वा टिनमा बन्द गरिएको | २०% | ०.५०% |
| | २ | अन्य | २०% | ०.५०% |
| २१- ०७ | | अन्यत्र नपरेको खाद्य परिकारहरू : | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | २ आइसक्रिम | | २०% | ०.५०% |
| २२- ०२ | कागती मिसाइएको पानी (लेमोनेड), स्वादिलो खनिज भएको ठाउँको पानी र स्वादिलो वायु प्रवाहित पानी र अन्य अल्कोहल नमिसिएको पेय पदार्थहरू, संकेत नं. २०-०७ अन्तर्गत का फलफूल र वनस्पतिका रस बाहेक | | २०% | ०.५०% |
| २२- ०८ | ८० % वा सो भन्दा बढी शक्ति भएको इथाइल अल्कोहल र न्यूट्रल स्पिरिट, मूल तत्व परिवर्तन नभएको, जतिसुकै शक्ति भएको मूल तत्व परिवर्तित स्पिरिट (इथाइल अल्कोहल र न्यूट्रल स्पिरिट समेत) : | | | |
| | १ रेक्टिफाइड अल्कोहल | १०० लि. | २५००।- | ०.५०% |
| | २ डिनेचर्ड (स्पिरिटमेथिलेटेड स्पिरिट समेत) | १०० लि. | ७००।- | ०.५०% |
| | ३ अन्य | १०० लि. | ३०००।- | ०.५०% |
| २२- ०९ | स्पिरिट (संकेत नं. २२-०८ बाहेकका), लिक्कर | | | |



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | | र अन्य स्पिरिट युक्त पेय पदार्थहरू, पेयपदार्थ उत्पादनको लागि चाहिने मिश्रित अल्कोहल (संकेन्द्रित सारको रूप मानिने) : | | |
| | (ग) | अन्य : | | |
| | २ | २० % भन्दा बढी अल्कोहलको मात्रा भएको औषधिको रूपमा प्रयोग हुने पेय पदार्थ | ५०% | ०.५०% |
| | ३ | अन्य | १५०% | ०.५०% |
| २३-०४ | | पिना र वनस्पति तेल बनाउँदा निस्केका अरू अवशेष (काती वा थेग्रो बाहेक) : | | |
| | (क) | भटमासको | माफी | ०.५०% |
| | (ख) | बदामको | माफी | ०.५०% |
| | (ग) | कपासको बीउको | माफी | ०.५०% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। मुद्रण विभाग, सिंहदरबार 9062

| | | | | |
|---|---|---|---|---|
| | (घ) | आलसको | माफी | ०.५०% |
| | (ङ) | सूर्यमुखी फूलको | माफी | ०.५०% |
| | (च) | खजूरको गेडा वा बियाँको भित्री भागको | माफी | ०.५०% |
| | (छ) | नरिवलको (सुकेको नरिवलको) | माफी | ०.५०% |
| | (ज) | रेप (भेडाले खाने घाँसको दाना) वा कोल्जा (बदाम जस्ता बोट) को बीउहरू | माफी | ०.५०% |
| २४- ०२ | | सूर्तीका उत्पादन | | |
| | (ग) | अन्य : | | |
| | | १ जर्दा र खैनी | २५% | ०.५०% |
| २५- ०२ | | नखगारिएको आइरन पाइराइटहरू | माफी | ०.५०% |
| २५- ०४ | | प्राकृतिक ग्राफाइट | माफी | ०.५०% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

| | | | | | |
|---|---|---|---|---|---|
| २५- १० | | प्राकृतिक क्याल्सियम फोस्फेटहरू, प्राकृतिक एल्मुनियम क्याल्सियम फोस्फेटहरू, एपाटाइट र फोस्फेटिक चकहरू : | | | |
| | (क) | नपिँधिएको | | मा।फी | ०.५०% |
| २५- ११ | | प्राकृतिक बेरियम सल्फेट (बेराइटहरू) प्राकृतिक बेरियम कार्बोनेट, भस्मित वा अभस्मित, बेरियम अकसाइड बाहेक | | मा।फी | ०.५०% |
| २५- १३ | | आग्नेय पत्थर, इमरी, प्राकृतिक कोरूण्डम, प्राकृतिक याकुत (गार्नेट) र अन्य प्राकृतिक एव्रासिभहरू, तापित वा अतापित | घ.मि. | मा।फी | ०.५०% |
| २५- १८ | | डोलोमाइट (क्याल्सियम र म्याग्नेसियम दुवैको कार्बोनेट) भस्मित वा अभस्मित, अलि अलि टुक्र्याइएको वा वर्गाकार पारिएको भन्दा केही नगरिएको समेत, ठोस पारिएको डोलोमाइट | | | |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१०६७०

| | | | | | |
|---|---|---|---|---|---|
| | | (मिश्रित डोलोमाइट समेत) | | माफी | ०.५०% |
| २५- १९ | | प्राकृतिक म्याग्नेसियम कार्बोनेट (म्याग्नेसाइट), गालिएको म्याग्नेसियम पूर्ण रूपले बालिएको म्याग्नेसिया, बाल्नु भन्दा पहिले थोरै मात्रामा अन्य अक्साइडहरू मिसाइएको वा नमिसाइएको अन्य म्याग्नेसियम अक्साइड रासायनिक तवरले शुद्ध वा अशुद्ध : | | | |
| | २ | अन्य | | माफी | २०० |
| २५- २१ | | चुन ढ्रावक र चुनादार ढुङ्गा, साधारण तथा चुन र सिमेण्टको उत्पादनमा प्रयोग गरिने | घ.मि. | माफी | १०० |
| २५- २४ | | एसवेसटस (चट्टानबाट बनेको कडा रेसा भएको खनिज ) | | माफी | ०.५०% |
| २५- २६ | | अभ्रख, टुक्रा समेत, अभ्रखमल : | | | |
| | २ | अन्य | | माफी | ०.५०% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

| | | | |
|---|---|---|---|
| २५- २८ | प्राकृतिक क्रयोलाइट र क्रियोलाइट | माफी | ०.५०% |
| २५- ३० | कच्चा प्राकृतिक बारेट र तिनीहरूको केन्द्रीभूत वागाडा पारिएको रूप (भस्मित वा अभस्मित) तर प्राकृतिक ब्राइन (समुद्रोदकबाट नछुट्याइएको), कच्चा प्राकृतिक बोरिक एसिड (८५ प्रतिशत भन्दा बढी बोरिक एसिड नभएको सुखा अवस्थामा) | माफी | ०.५०% |
| २७- ०९ | कच्चा पेट्रोलियम तेल र बिटुमिन खनिजबाट प्राप्त तेल | माफी | ०.५०% |
| २९- ३८ | प्रोभिटामिनहरू र भिटामिनहरू, प्राकृतिक वा कृत्रिम (प्राकृतिक समाहरण समेत) भिटामिनको रूपमा प्राथमिक तवरले प्रयोग गरिने तिनीहरूका व्युत्पत्तिहरू र तिनका अन्तरमिश्रणहरू (कुनै घोलमा वा त्यस्तै) | ५% | ०.५०% |
| २९- ४१ | ग्लाइकोसाइडहरू, प्राकृतिक वा कृत्रिम तरिकाले | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

| | | | | |
|---|---|---|---|---|
| | | पुनः निर्मित र तिनका लवणहरू, इथरहरू, इस्टरहरू र अन्य व्युत्पत्तिहरू : | | |
| | | १ मोनोसोडियम ग्लुटामेट (अजिनो मोटो) | १५% | ०.५०% |
| | | २ अन्य | ५% | ०.५०% |
| ३०- ०३ | | औषधिहरू (पशु विज्ञान सम्बन्धी औषधी समेत): | | |
| | (घ) | अन्य : | | |
| | | २ चिनी मिश्रित स्वादिष्ट मिठाई तथा चकलेटको रूपमा प्रयोग हुने आयुर्वेदिक उत्पादनहरू | २०% | ०.५०% |
| | | ३ अन्य औषधि | १% | ०.५०% |
| ३२- ०४. | | वनस्पतिमूलक रङ्गाउने पदार्थहरू (डाइउड निष्कर्षण र अन्य वनस्पतीय डाइनिष्कर्षण समेत तर निर बाहेक) वा प्राणीमूलक | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | | रङ्गाउने पदार्थहरू : | | |
| | १ | धूलो रूपमा रहेको कत्था (कुनै पनि रूपमा रहेको कच्छ) | १५% | २०० |
| | २ | अन्य प्रक्रिया लगाइएको कत्था | १५% | ५०० |
| ३२- १३ | | लेख्ने, छाप्ने र अन्य मसीहरू : | | |
| | (क) | छाप्ने मसी | १०% | ०.५०% |
| | (ख) | अन्य | १०% | ०.५०% |
| ३३- ०६ | | सुगन्धित, श्रृङ्गार सम्बन्धी, शरीर सज्जा सम्बन्धी सामग्रीहरू, वाष्पशील तेलको जलीय उर्द्ध पातन र जलीय औषधिको प्रयोगको लागि योग्य सामग्री समेत : | | |
| | ५ | अत्तर (अट्टो) सुगन्ध, कृत्रिम सुगन्ध, केशलेप, | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | | केशतेल, शेम्पू, दारी बनाउने क्रिम र फोम, आफटरशेभलोशन, त्वचाको सौन्दर्य बढाउन प्रयोगमा आउने क्रिम (ब्यूटी क्रिम, भेनेशिंग क्रिम, क्लिन्जिङ्ग, क्रिम, स्किन फुड्स एण्ड टनिक्स) फेस पाउडर समेत | ३०% | |
| ३४- ०१ | | साबुन प्राङ्गारिक बाह्य भागमा असर पार्ने साधनहरू र उत्पादनहरू (साबुनको प्रयोगको लागि, छड केक निश्चित आकार भएका टुक्रा वा अन्य आकारका साबुनसंग मिसाइएका वा नमिसाइएका) : | | |
| | १ | ट्वाइलेट (नुहाउने) साबुनहरू | २०% | ०.५०% |
| | ६ | अन्य | २०% | ०.५०% |
| ३४- ०२ | | प्राङ्गारिक बाह्य भागमा असर पार्ने साधनहरू, बाह्य भागमा असर गर्ने सामानहरू र धुने डिटरजेण्ट पाउडर समेत साधनहरू, साबुन मिसाइएको वा नमिसाइएको | २०% | ०.५०% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| ३७- ०२ | रोलमा भएका फिल्महरू, नखोलिएको, प्रकाशग्राही, सछिद्र वा छिद्ररहित | | २५% | ०.५०% |
| ३७- ०७ | सिनेमा सम्बन्धी फिल्म, खोलिएको र विकास गरिएको, ध्वनि मार्ग भएको वा नभएको वा ध्वनि मार्ग मात्र भएको नेगेटिभ वा पोजिटिभ | मि. | २।- | ०.५०% |

दृष्टव्य :-

५ संकेत नं. ३७-०२ को सिनेमा बनाउने कच्चा फिल्म चलचित्र निर्माण गर्ने उद्योगहरूले पैठारी गरेमा चलचित्र निर्माण गर्न स्वीकृति दिने निकायबाट सिफारिश गरेको परिमाणमा प्रति मिटर -।१५ पैसा मात्र भन्सार महसूल लाग्ने छ ।

मुद्रण विभाग सिंहदरबार



90603
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| ४०- १० | | भल्कनाइज्ड रबरको ट्रान्समिशन, कन्भेयर वा इलाभेटरको लोता वा बेल्टिङ्ग | १५% | ०.५०% |
| ४०- ११ | | रबर टायर, टायर केस फेर्न हुने टायरको भुईं छुने भाग (ट्रिड) भित्री ट्यूब र टायर फ्ल्याप्सहरू, सबै किसिमको पाँग्राको निमित्त | | |
| | (क) | सामान्यतया मोटर कारमा प्रयोग हुने नयाँ हावादार टायर (न्यूमेटिक) | २०% | ०.५०% |
| | (ख) | सामान्यतया बस र लरीमा प्रयोग हुने नयाँ हावादार टायर (न्यूमेटिक) | २०% | ०.५०% |
| | (ग) | सामान्यतया हवाईजहाजमा प्रयोग हुने नयाँ हावादार टायर | २०% | ०.५०% |
| | (घ) | सामान्यतया मोटरसाइकल, स्कूटर समेत र साईकलमा प्रयोग हुने हावादार टायरहरू : | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | १ | मोटरसाईकलको | २०% | ०.५०% |
| | (ङ) | भित्री ट्यूब : | | |
| | ४ | सवारीको साधन मोटरसाईकल र स्कूटरको | २०% | ०.५०% |
| | ५ | अन्य (फल्याप्स समेत) | २०% | ०.५०% |
| | (च) | अन्य, नयाँ पैताला हालेको (रिट्रिडेड)टायर समेतः | | |
| | ४ | मोटरसाईकल र स्कुटरको | २०% | ०.५०% |
| | ५ | अन्य | २०% | ०.५०% |
| ४८- १६ | | कार्यालय, पशल वा यस्तै स्थानमा सामान्य रूपले प्रयोग हुने कागज वा कागजको वोर्डका वट्टा झोला र अन्य पोका पार्ने भाँडो, वक्स फाईल, पत्र किस्ती र अन्य यस्तै सामान | १५% | ०.५०% |
| ४८- १८ | | कागज वा कागज बोर्डका खाता पत्र, अभ्यास पुस्तिका, नोटबुक, निर्णय पुस्तिका, निरीक्षण किताव, आदेश पुस्तिका, रसीद ठेली, डायरी, सम्झना किताब, सोस्ने प्याड, फित्तावाला फाइल, | | |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
9062

| | | | | |
|---|---|---|---|---|
| | | (पाता छुट्टिएको वा अन्य) फाइल गाता, नमूना वा अन्य फोटो राख्ने पुस्तिका र किताबको गाता : तस्वीर राख्ने पुस्तिका (अलबम) | ३०% | ०.५०% |
| ४८-१९ | | कागज र कागज बोर्डको लेवल, छापेको वा नछापेको, टाँस्ने पदार्थ लगाएको वा नलगाएको | १५% | ०.५०% |
| ५४-०५ | | फल्याक्स वा रेमी (चिनियाँ घाँसको) धागोबाट बनेको कपडा | २५% | ०.५०% |
| ५८-०१ | | गलैंचा, गलैंचाका सामान र कम्बल, गाँठो पारेको (बनाएको वा नबनाएको) : | | |
| | (क) | ऊन वा जीव-जन्तुको मसिनो रौँको | ३०% | ०.५०% |
| | (ख) | अन्य कपडा पदार्थको | ३०% | ०.५०% |
| ५८-०२ | | अन्य गलैंचा, गलैंचाको सामान, कम्बल, गुन्द्री, अरू ओछ्याउने सामान र केलेम सुम्याक र कारामेनी कम्बल र यस्तै सामान (तयारी | | |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | | गरेको वा नगरेको ) : | | |
| | (ञ) | अन्य कपडा पदार्थको गुच्छा बाहेकको : | | |
| | ३ | अन्य | ३०% | ०.५०% |
| ५८- ०७ | | मखमली फ्ल्लरको धागो (मखमली फ्ल्लरको धागोको मुठ्ठा समेत) किनारा बनाउने धागो (संकेत नं.५२-०१ अन्तरगतका धातुमय धागो र किनारा बनाउने घोडाको रौं बाहेक) कपालमा लगाउने रीवन र आलंकारिक फ्त्राका टुक्रा, फुर्का, गुच्छा र यस्तै सामान : | | |
| | १ | रेशम र कृतिम रेशाको | २५% | ०.५०% |
| | २ | जुनसुकै रेशाको रिवन र अन्य | १५% | ०.५०% |
| ५९ -१४ | | बुनेको, बाटेको वा गाँठो पारी बुनेको कपडा पदार्थको स्टोभ, लाइटर, मैनबत्ती र यस्तै सामानको लागि सलेदो बनाउने फित्ता, नली आकारको निटेड ग्यास मेन्टल कपडा र ग्याँस मेन्टलको जाली : | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | | १ ग्यास मेन्टलको जाली (तापले चम्कने) | १०% | ०.५०% |
| | | २ अन्य | १०% | ०.५०% |
| ५९- १५ | | कपडाको होज पाइप (सिंचभाईमा प्रयोग हुने) र यस्तै नली भित्रो बाहिरी कवच हालेको वा नहालेको वा अन्य पदार्थको सहायक सामानहरू भएको वा नभएका | ५% | ०.५०% |
| ५९- १७ | | कलकारखानामा सामान्यतया प्रयोग हुने कपडा र कपडाका सामान : | | |
| | | १ तेल छान्ने कपडा | १०% | ०.५०% |
| | | २ अन्य | १०% | ०.५०% |
| ६२- ०१ | | भ्रमणमा काम लाग्ने दोलाई र कम्बलहरू : | | |
| | (ख) | उन वा जीव-जन्तुको मसिनो रौंबाट बनेको अरू कम्बल, दोलाई | २०% | ०.५०% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। १०७८

| | | | | |
|---|---|---|---|---|
| | (घ) | कृत्रिम रेशाको कम्बल, दोलाई | २०% | ०.५०% |
| | (ङ) | अन्य रेशाको कम्बल, दोलाई | २०% | ०.५०% |
| ६२- ०३ | | सामान भर्ने बोरा र झोला : | | |
| | (क) | सनपाटको (बोरा) | १५% | ०.५०% |
| | (ख) | अन्य | १५% | ०.५०% |
| ६२- ०५ | | अरू कपडाको तयारी सामानहरू (पोशाकको नमुना समेत) : | | |
| | ४ | छाताको खोल | १५% | ०.५०% |
| ६४- ०२ | | बाहिरी तलुवा छालाको वा मिश्रित छाला भएको जुत्ता, बाहिरी तलुवा रबरको वा कृतिम लचकदार पदार्थको जुत्ता (सकेत नं. ६४-०१ को पाउपोस | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 9065

मुद्रण विभाग सिंहदरबार

| | | | | |
|---|---|---|---|---|
| | | बाहेक) : | | |
| | १ | संपूर्ण छालाको | ३०% | ०.५०% |
| | २ | सूतीको कपडाको जुत्ता | १५% | ०.५०% |
| | ३ | अन्य | ३०% | ०.५०% |
| ६५- ०५ | | निटेड वा क्रोचेटेड वा अन्य पदार्थका लामो टुक्रा (स्ट्रिप बाहेक) जमोठका सुजालीका कपाडाबाट बनेको टोप र अन्य शिरपोस (कपालमा लाउने जाली समेत) : | | |
| | १ | कपालमा लाउने जाली | २०% | ०.५०% |
| | २ | अन्य | २०% | ०.५०% |
| ६६- ०१ | | छाता र घाम छल्ने वस्तु सनसेड (टेक्ने लट्ठी, छाता, छाताको पाल, बगैंचाको छाता र यस्तै | | |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | छाताहरू समेत) | १५% | ०.५०% |
| ७०- ११ | बिजुलीको चिम इलेक्ट्रोनिक भल्भको वा यस्तै सामानको काँचबाट बनेको बाहिरी छादन वा खोल (बल्ब र ट्यूब समेत) | १५% | ०.५०% |
| ७०- १२ | थरमस (भ्याकुम फल्याक्स) वा अर्धभ्याकुम भेसेलको लागि काँचको भित्री भाग | १५% | ०.५०% |
| ७०- १७ | प्रयोगशाला, आरोग्य सम्बन्धी वा औषधि उत्पादनका काँचका मालमत्ता क्रमबद्ध गरेको वा नगरेको वा तापक्रम ठीक पारिएको वा नपारिएको काँचको इन्जेक्शन भएको शीशी (एम्पुल) | ५% | ०.५०% |
| ७३- ३५ | फलाम वा इस्पातको स्प्रिंग र पाता : | | |
| | १ मोटर गाडीको प्रयोगको लागि | १५% | ०.५०% |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। १०८१

| | | | |
|---|---|---|---|
| ८२- ०८ | कफी बनाउने मेशिन, धूलो बनाउने मेशिन, दाना निचोरी रस झिक्ने मेशिन र अन्य मेशिन १० किलो ग्राम भन्दा बढी वजन नभएको घर व्यवहारको प्रयोजनको लागि खाना बनाउने, पस्किने वा खाना वा पानी ठीक अवस्थामा राख्ने सामान | १५% | ०.५०% |
| ८३- ०१ | ताल्चा र ढोकाको ताल्चा (साँचो सहित भएको वा बिजुलीले चल्ने) र आधारभूत धातुबाट बनेको यसको पार्टपूर्जा, ताल्चा समेत भएको फ्रेम, हाते व्यागको लागि, कन्तुरको लागि वा यस्तै सामानको लागि र तिनका पार्टपूर्जा माथि उल्लेखित आधारभूत धातुको सामानको लागि धातुको साँचो | १५% | ०.५०% |
| ८३- ०२ | फर्निचर, ढोका, भ-याङ्ग, भ्याल, पर्दा कोच, घोडाको काठी, कन्तुर पेटारी र यस्तै सामानको | | |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | लागि उपयुक्त खालका आधारभूत धातुको फिटिङ्ग (मिल्ने जोड्ने) र माउण्टिङ्ग उचाल्ने (स्वचालित ढोका बन्द गर्ने समेत) मुख्य धातुको टोप राख्ने, टोपका किलाकाँटा, ब्राकेट र यस्तै सामान | १५% | ०.५०% |
| ८३-०४ | आधारभूत धातुका फाइलिङ्ग क्याबिनेट, -याक केलाएर राख्ने बाकस, कागज राख्ने किस्ती, कागज राख्ने ठाउ र यस्तै अफिस उपकरण, संकेत नं. ९४-०३ अन्तर्गत पर्ने अफिस फर्निचर बाहेक | १५% | ०.५०% |
| ८३-०७ | आधारभूत धातुबाट बनेको बत्ती, बत्ती मिलाउने वा जोड्ने सामान र त्यसका पार्टपुर्जा (स्वीच, बिजुलीको बत्ती झुण्ड्याउने होल्डर, गाडीको लागि बिजुली बत्ती, बिजुलीको ब्याट्री, वा चुम्बकीय बत्ती र भाग ८५ अन्तर्गत पर्ने अन्य सामान बाहेक, तर भाग ८५ को संकेत नं. ८५-२२ को सामान बाहेक) : | | |

मुद्रण विभाग, सिंहदरबार


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
9062

| | | | |
|---|---|---|---|
| | १ इमरजेन्सी लैम्प | ३०% | ०.५०% |
| | ३ लालटेन | ५% | ०.५०% |
| ८३- ११ | आधारभूत धातुबाट बनेको घण्टी, घण्ट विजुलीको बाहेक र आधारभुत धातुबाट बनेको घण्टीको पार्टपूर्जा : | | |
| | २ अन्य | १५% | ०.५०% |
| ८३- १३ | आधारभूत धातुबाट बनेको बिर्कोहरू, क्राउन कर्क बोतलको बिर्को, क्यापसूल, वेगको बिर्को, सिल, शिशाको मुख बन्द गर्ने (बिर्को) र अन्य आधारभूत धातुको बन्द गर्ने सहायक सामानहरू: | | |
| | १ क्राउन कर्क | २५% | ०.५०% |
| | २ अन्य | १५% | ०.५०% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिलिपि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार

| | | | | |
|---|---|---|---|---|
| ८४- १० | | तरल पदार्थ खिच्ने यन्त्र (मोटर पम्प र चक्र पम्प समेत) नाप्ने यन्त्र जडेको वा नजडेको, तरल पदार्थ उठाउने बाल्टी, चेन, स्क्रिउ, बन्धन र यस्तै प्रकारका सामान : | | |
| | (ङ) | अन्य पम्प,. तरल पदार्थको लागि र तरल पदार्थ उठाउनको लागि : | | |
| | २ | मोटर र भेहिकलको इञ्जिनको | २५% | ०.५०% |
| ८४- ११ | | हावाको पम्प र कम्प्रेसर र फ्रि-पिस्टन जेनेरेटर, ग्यास र टर्वाइनको लागि) पंखा हम्किने सामान वा यस्तै सामान : | | |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| ८४-१५ | | रेफ्रिजेरेटर र रेफ्रिजेरेटिंग उपकरण (बिजुलीको र अन्य) : | | |
| | (क) | घर व्यवहारको रेफ्रिजेरेटर डिफ्रिजर कोठा भएको वा नभएको | ११०% | ०.५०% |
| | (ख) | डिफ्रिजर घर व्यवहारमा काम लाग्ने खालको | ११०% | ०.५०% |
| | (ग) | अन्य रेफ्रिजेरेटर र रेफ्रिजेरेटिंग उपकरण | ११०% | ०.५०% |

Above the ८४-१५ heading, the same table has these rows, which continue a heading given on an earlier page:

| | | | | |
|---|---|---|---|---|
| | (क) | पम्प र कम्प्रेसर : | | |
| | २ | मोटर कम्प्रेसर | १५% | ०.५०% |
| | ३ | एयर कन्डीसनर र रेफ्रिजरेटरको कम्प्रेसर | १००% | |
| | ४ | अन्य | १५% | ०.५०% |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| ८४-४० | | लुगा धुने, सफा गर्ने, सुकाउने, रँगाउने, ड्रेस गर्ने, तयार गर्ने वा कपडाको धागोकोट गर्ने वा तयारी लुगा तयार गर्ने मेशिन (लाउण्ड्री र ड्राइ-क्लिनिंग मेशिनरी समेत) लुगा पट्याउने, बेर्ने वा काट्ने मेशिन, जमीन ढाक्ने लिनोनियम जस्ता पदार्थ बनाउने मेशिन, कपडा, छाला, वालपेपर, बेर्ने कागज, लिनोलियम वा अन्य सामान इन्ग्रेडराइज्ड वा इच्ड पातामा ढिकामा वा त्यसको रोलमा बुट्टा वा रँगाउने काममा आउने मेशिन : | | |
| | (क) | लुगा धुने मेशिन बढीमा ६ के.जी. नभिजेको लुगा धुन सक्ने क्षमता भएको | ७०% | ०.५०% |
| | (ख) | ६ के.जी. भन्दा बढी नभिजेको लुगा धुन सक्ने क्षमता भएको लुगा धुने मेशिन | ७०% | ०.५०% |
| ८४-५२ | | क्यालकुलेटिङ्ग मेशिन, एकाउण्टिङ्ग मेशिन, क्यास रजिष्टर पोस्टेज फ्र्याकिङ्ग मेशिन,टिकट काट्ने मेशिन र क्यालकुलेशन गर्ने उपकरण भएका | | |

मुद्रण विभाग सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | | जस्तै मेशिन : | | |
| | (क) | डेस्क बिजुलीबाट चल्ने क्यालकुलेटर सहितको क्यालकुलेटिङ्ग मेशिन | २५% | ०.५०% |
| ८४- ६२ | | डल्ला, रोलर वा भुइँ रोलर बियरिङ्ग | ३०% | |
| ८४- ६३ | | ट्रान्समिसनको साफ्ट क्रेंक बियरिङ्ग हाउसिङ्ग प्लेन साफ्ट बियरिङ्ग गियर र गियरिङ्ग (फिक्सन गियर, गेयर बक्स अन्य विभिन्न प्रकारका स्पीड गियर समेत) फ्लाइव्हिल्स, पुली, पुली ब्लचेक क्लच र साफ्टकुपलिङ्ग : | | |
| | ५ | गेडी भएको वा नभएको जुनसुकै प्रकारको धातुको बेयरिङ्ग (भेहिकलको) | ३०% | ०.५०% |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| ८५- ०६ | | बिजुलीका घरेलु प्रयोगमा काम लाग्ने मेशिनरी र उपकरणहरू, स्वयं रोकिनेमा चल्ने बिजुलीका मोटर सहित : | | |
| | (ख) | हावा आवत जावत गर्न सक्ने झ्यापन वा ढकनीहरू र कोठाको पंखाहरू | २५% | ०.५०% |
| ८५- १० | | यताउति सार्न हुने बिजुलीको ब्याट्रि र चुम्बकीय बत्तीहरू, संकेत नं. ८५-०९ मा परेका बत्तिहरू बाहेक | २०% | ०.५०% |
| ८५- १२ | | बिजुलीका द्वाण स्थायी वा जोडी राखिएका प्रानी तताउने हिटरहरू र पानीमा चुर्लुम्म डुबाएर पानी तताउने हिटरहरू, माटो तताउने बिजुलीका उपकरणहरू र बिजुलीका स्थान तताउने उपकरणहरू र बिजुलीका कपाल बनाउने उपकरणहरू, (जस्तो हेयर ड्रायर, हेयर कलर वा घुँघु-याउने काममा हातले नछुइकन लगाउने हिटरहरू), | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | बिजुलीका इस्त्रीहरू, बिजुलीद्वारा घरेलु प्रयोगको लागि तताउने उपकरणहरूमा बिजुलीको ताप अवरोधक कार्बन बाहेक अन्य उपकरणहरू : | | |
| ८५- १३ (ख) | बिजुलीका माटो तताउने उपकरणहरू र स्थान तताउने उपकरणहरू | २०% | ०.५०% |
| (घ) | बिजुलीका इस्त्रीहरू | २०% | ०.५०% |
| (ङ) | बिजुलीको घरेलु प्रयोगको निम्ति तताउने उपकरणहरू | २०% | ०.५०% |
| | बिजुलीका लाइन,टेलिफोन-टेलिग्राफका उपकरणहरू (संवाहकधारा पद्धतिको लाइनका उपकरणहरू) समेत: | | |
| (क) | टेलिफोन सेट | २०% | ०.५०% |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 1050

| | | | | |
|---|---|---|---|---|
| ८५-१५ | | रेडियो टेलिग्राफ र रेडियो सम्बन्धी सञ्चालक (ट्रान्समिटर) र बेतार संकेत ग्रहण गर्ने उपकरणहरू, रेडियो प्रसारण र टेलिफोन संचारक र बेतार संकेत ग्रहण गर्ने उपकरणहरू प्रसारित लाइनहरूलाई प्रकाश र ध्वनीमा परिवर्तन गर्ने यन्त्र (रिसिभर जसमा आवाज संग्रह गर्ने र आवाज प्रसारण गर्ने यन्त्र पनि समावेश भएको सहित) र टेलिभिजन क्यामराहरू, रेडियो एरियल सम्बन्धी सहायता पु-याउने उपकरणहरू) हवाई-जहाजको विस्तार दिशा पत्ता लगाउने उपकरणहरू र रेडियोका टाढासम्म आवाज पु-याउने र रोक्ने उपकरण : | | |
| | (ख) | रङ्ग देखिने टेलिभिजनका रिसिभरहरू ध्वनी (आवाज) संग्रह र प्रसारण गर्ने यन्त्र समेत भएका रिसिभरहरू | ७०% | ०.५०% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | (ग) रङ्गको विभिन्न छायाँमा लेखिएको चित्र देखिने टेलिफोन ध्वनी (आवाज) संग्रह र प्रसारण गर्ने यन्त्र समेत भएको रिसिभर सहित | ७०% | ०.५०% |
| | (घ) रेडियो प्रसारण रिसिभरहरू, मोटरगाडीमा फिट गर्न हुने गरि तयार गरिएका र ध्वनी संग्रह र ध्वनी प्रसारण गर्ने यन्त्र सहित भएका रिसिभरहरू समेत | ५०% | ०.५०% |
| | (ङ) पोर्टेबल रेडियो, प्रसारण रिसिभर, ध्वनी संग्रह र उत्पादन गर्ने यन्त्र समेत भएका रिसिभरहरू समेत | ५०% | ०.५०% |
| | (च) अन्य रेडियो प्रसारण रिसिभरहरू ध्वनी संग्रह र उत्पादन गर्ने यन्त्र, यन्त्र समेत भएका रिसिभरहरू समेत | ५०% | ०.५०% |
| ८७-०२ | मानिस, सामान वा पदार्थको यातायातको प्रयोगको मोटरगाडी (खेलकूदको मोटरगाडी समेत सङ्केत नं. ८७-०९ अन्तर्गत पर्ने बाहेक) : | | |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | (क) | १ मोटरकार, ल्याण्डरोभर, स्टेशन वाइगन, जीप, क्रस कन्ट्रीकार, भ्यान, पिकअप भ्यान र माइक्रोबस | ११०% | ०.५०% |
| | क | २ तिनपाङ्ग्रे सवारी र ढुवानीको साधन(अटो रिक्सा) | १५% | ०.५०% |
| | (ख) | सार्वजनिक यातायात किसिमका सवारीका साधनः | | |
| | | १ मिनी बस १२ सिट देखि ३५ सीट सम्मको | ७०% | ०.५०% |
| | | २ अन्य | २०% | ०.५०% |
| | (ग) | अन्य | २०% | ०.५०% |
| ८७- ०४ | | सङ्केत नं. ८७-०१, ८७-०२ वा ८७-०३ अन्तर्गत पर्ने सवारीका साधनको इञ्जिनमा फीट गरेको चेसिस : | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

| | | | |
|---|---|---|---|
| | २ बस, ट्रक वा लहरीको लागि | २०% | ०.५०% |
| | ४ अन्य सवारीको लागि | ७०% | ०.५०% |

८७-०४ पछिको द्रष्टव्यमा निम्न कुराहरू थप गरिएको छ ।

द्रष्टव्य ः

तर त्यस्तो ट्रेक्टर ३ महिना भन्दा बढी बसेकोमा दैनिक रु. ५००।- का दरले बढी बसेका प्रत्येक दिनको भन्सार महसूल लाग्ने छ ।

| | | | |
|---|---|---|---|
| ८७- ०६ | सङ्केत नं. ८७-०१,८७-०२ वा ८७-०३ अन्तर्गत पर्ने मोटर गाडीका पार्टपूर्जा र सहायक उपकरण | १५% | ०.५०% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 9058

मुद्रण विभाग, सिंहदरबार

| | | | |
|---|---|---|---|
| ८७.०९ | मोटरसाइकल, अटोसाइकल र सहायक मोटरमा साइकल फीट गरेको साइड कार : | | |
| | १ ५० सी. सी. सम्मको | ३०% | ०.५०% |
| | २ अन्य | ३०% | ०.५०% |
| ८७.१३ | केटाकेटीको वाहन र त्यसको पार्टपुर्जा | १५% | ०.५०% |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
9052

द्रष्टव्य :

आर्थिक ऐन, २०४७ को संकेत नं. ८७-१४ पछिको द्रष्टव्य खारेज गरी निम्न लेखिए बमोजिमको व्यहोरा कायम गरिएको छः

अस्थायी तवरबाट पैठारी गरी ल्याएका मोटरकार, स्टेशन वाईगन, लैण्डरोभर, जीप ट्रक, लहरी, भ्यान र मोटरसाईकल आदि सवारीका साधनहरू तिनका टेलर समेतमा निम्न लेखिए बमोजिम भन्सार महसूल लगाई असूल उपर गरिने छ।

(क) पर्यटकहरूले कार्नेमा ल्याएको गाडी वा मोटरसाईकलमा ६ महीनासम्म अस्थायी पैठारी महसूल लाग्ने छैन सो अवधि भित्र फिर्ता लैजानु पर्नेछ। एउटै कार्नें अन्तर्गत सवारीको साधन ६ महिना भित्रै पटक पटक ल्याउने लैजाने गरेमा पहिलो पल्ट प्रवेश गरेको मितिले ६ महिनाको गन्ती गरिने छ। तर एउटै सवारीको साधन अर्को (नयां) कार्नें अन्तर्गत ६ महिना भित्रै फेरि ल्याएमा पुनः ६ महिना सम्म अस्थायी पैठारी महसूल नतिरी चलाउन पाउने छ। पर्यटकहरूले कार्नेमा ल्याएको गाडी वा मोटरसाईकल ६ महिना भित्र फिर्ता नगरिएमा स्वतः जफत हुनेछ।

(ख) अस्थायी तवरबाट पैठारी गरिएका कार्नें नभएका सवारीको साधनमा ७ दिन सम्म कुनै महसूल नतिरी अधिराज्य भित्र राख्न पाईने छ। त्यसपछि ३० दिन सम्मको दिनको रू १००।- का दरले अस्थायी पैठारी महसूल लाग्ने छ। सो ३० दिन भन्दा पनि बढी बस्नु पर्ने भएमा ३० दिन पछिको अरू ३० दिनमा रू. २००।- प्रति दिन अस्थायी महसूल लाग्ने छ। तर मोटर साईकल तथा स्कूटरको


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हकमा पहिलो ३० दिनको प्रतिदिन रू. २५।- र पछिल्लो ३० दिनको लागि प्रतिदिन रू. ५०।- महसूल लाग्ने छ। तीन पाँग्रे सवारीको साधनमा प्रति दिन रू. २।- लाग्ने छ र १५ दिन भन्दा बढी राख्न पाईने छैन।

तर यस्ता सवारीका साधनहरू उपरोक्त तोकिए बमोजिमको अवधि भन्दा बढी बसेको फेला परेमा जरिवाना स्वरूप दैनिक रू. ५००।- का दरले महसूल असूल गरिने छ। यस्तो रकम गाडीको मोल र त्यसमा लाग्ने महसूल भन्दा बढी हुने छैन।

(ग) फर्नेमा ल्याएका गाडी (मोटर भेहिकल्स) वा मोटर साईकल श्री ५ को सरकारले स्वीकृती दिएमा बाहेक नेपाल अधिराज्य भरी बेच बिखन, दान-उपहार तथा नामसारी समेत गर्न पाईने छैन। तर, श्री ५ को सरकारको स्वीकृति लिई बेचबिखन, दान उपहार तथा नामसारी गराएमा वा गरेमा लाग्ने भन्सार महसूलको अतिरिक्त थप ५० प्रतिशत भन्सार महसूल लाग्नेछ।

(घ) सामानहरूको परिवहनको लागि गाडीहरूलाई अस्थायी रूपमा ६ महिना सम्म पैठारी गर्न सकिन्छ। यस्तोमा अस्थायी पैठारी महसूल लिइनेछ। त्यस्तो अस्थायी पैठारी महसूल भेरी अंचल र सो भन्दा पूर्वका ईलाकाहरूको लागि पैठारी भएकोमा प्रति दिनको रू. ३००।- का दरले र भेरी अंचल भन्दा पश्चिमको ईलाकाको लागि पैठारी भएमा प्रति दिनको रू. २००।- का दरले असूल गरिनेछ।

(ङ) अस्थायी पैठारी गरी ल्याएका सवारीका साधनहरू नेपाल अधिराज्य भित्र झुठ्ठा विवरण दिई बसेको ठहरेमा स्वतः जफत हुनेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
9056

(च) साथै विदेशबाट माल लादी ल्याएको ट्रकलाई सो माल चाहिने ठाउँमा गिराउन निमित्त ७२ घण्टा भित्र सम्म सो ट्रकको अस्थायी पैठारी महसूल लिईने छैन। तर, यस्तो ट्रकले भन्सारको क्षेत्र भित्र राखेको माल बाहेक अन्यत्र कतैबाट पुनः माल लादी निकासी गरेमा, सो ट्रकको अस्थायी महसूल लिईनेछ। भन्सार एरिया भित्र राखिएको माल विदेशबाट आउने जुनसुकै लहरी ट्रकले पनि नेपाल भित्र प्रवेश गरेको ७२ घण्टा भित्र माल लादी लगेमा त्यस्तो ट्रक लहरीलाई पनि अस्थायी महसूल लिईने छैन।

(छ) श्री ५ को सरकारबाट भन्सार सुविधा वा महसूल सुविधा पाई वा श्री ५ को सरकारको निर्णयबाट १ प्रतिशत भन्सार महसूल लिने वा महसूल छुट दिने निर्णयबाट पैठारी भएका मोटरकार आदि सवारीको साधनहरु आफुले उपयोग गरी बिक्री गरेमा वरिजनल मूल्यमा ५ वर्ष सम्म लाई वर्षको सयकडा १० प्रतिशतका दरले ह्रास कट्टा गरी सो बांकी मूल्यमा लाग्ने भन्सार महसूलमा ५० प्रतिशत छुट दिईने छ। र बिक्री कर लाग्ने छैन। तर, यस्तो सुविधा नेपाल प्रवेश गरेको पांच वर्ष अवधि भुक्तान भै सकेको सवारी साधनलाई र व्यक्तिको हकमा नेपालमा पदाधिकार रहँदा एक पटक मात्र दिईनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| ९० -०७ | | फोटोग्राफी सम्बन्धी क्यामराहरू, फोटोग्राफी सम्बन्धि फ्ल्यास लाइट उपकरण र फ्ल्यास बल्वहरू ( सङ्केत नं. ८५-२० को डिस्चार्ज बत्ति बाहेक) : | | |
| | (क) | क्यामराहरू | ३०% | ०.५०% |
| | (ख) | फोटोग्राफी सम्बन्धी फ्ल्यास लाइटको उपकरण र फ्ल्यास ट्यूब (सङ्केत नं. ८५.२० को डिस्चार्ज बत्ती बाहेक) | ३०% | ०.५०% |
| ९०- २८ | | विद्युत मापक जाँच्ने, विश्लेषण गर्ने अथवा स्वतः नियन्त्रक औंजार एवम् यन्त्रहरू : | | |
| | (क) | विद्युत स्वतः नियामक (नियन्त्रक) | १५% | ०.५०% |
| ९१- ०१ | | जेबी घडी, नाडी घडी र अन्य घडी विराम (स्टोपवाच) समेत | ३०% | ०.५०% |



9055

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ८१- ०४ | अन्य दिवाल घडी | ३०% | ०.५०% |
| ९२- ०७ | विद्युत चुम्बकीय, विद्युत शक्तिले स्थिर गरिने इलेक्ट्रोनिक र यस्तै प्रकारका वाद्ययन्त्र (जस्तै पियानो, एकोर्डियन र अरगान बाजा) | ३०% | ०.५०% |
| ९२- १२ | ग्रामोफोनको रिकर्ड र अन्य आवाज वा यस्तै आवाज रिकर्ड गर्ने, रिकर्ड उत्पादन गर्ने म्याट्रीक्स, यान्त्रिक सहायताले ध्वनी रिकर्ड गर्ने तयार गरेको खाली रेकर्ड, तयारी टेप, तार, टुक्रा, आवाज वा यस्तै रिकर्ड गर्ने काममा सामान्यतया प्रयोग हुने सामान : | | |
| | क. २ कम्प्यूटर डिस्केट वा यस्तै | १०% | ०.५०% |
| | ३ अन्य | ३०% | ०.५०% |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ९४- ०४ | स्प्रींग वा कमानी वा धातुका जाली (मेस) हरू जडान भएका खाट, पलङ्गहरू (म्याट्रेस सपोर्ट), स्प्रींग जडिएका, भित्र केही वस्तु कोचेको, हालेको वा कसेको, फुलाएको फोम वा स्पंज रबरको वा फुलाएको फोम वा स्पंज कृत्रिम प्लाष्टिक पदार्थको ढाकिएको वा नढाकिएको, ओछ्यान र वर-बिछ्यौनाका सामानहरू (उदाहरणको लागि डसना, सिरक, दोलाई र हाँस आदि चराका मुलायम भूवा भरेको सिरक, दोलाई, गद्दा, नरम वस्तु कोचेको कवच र तकिया ) : | | |
| | ४ सिरक, दोलाई र पल्ला | २०% | ०.५०% |
| ९६- ०५ | पाउडर पफ र प्याड श्रृङ्गारको कामको लागि वा सफाइको परिकार जुनसुकै पदार्थको | ३०% | ०.५०% |
| ९७- ०१ | केटाकेटीले चढन हुने गरी बनाइएको पाँग्रा भएको खेलौना (जस्तै खेलौना, साइकल, तीन पाँग्रा साईकल खुट्टाले चलाउने मोटरकार) बच्चा | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| | | गाडी र पुतलीको घच्याङने कुर्सी : | | |
| | १ | बच्चा गाडी र घिच्याउने कुर्सी | १५% | ०.५०% |
| | २ | अन्य | १५% | ०.५०% |
| ९७- ०२ | | पुतली | १५% | ०.५०% |
| ९७- ०३ | | अन्य खेलौना, काम गर्ने नमूना, मनोरञ्जनको काममा प्रयोग हुने : | | |
| | १ | इलेक्ट्रोनिक गेमहरु, भिडियो गेम समेत | ३०% | ०.५०% |
| ९८- ०२ | | स्लाइड फास्नर र त्यसको पार्टपुर्जा (जीप फास्नर): | | |
| | १ | स्लाइड फास्नर, जीप फास्नर | ५०% | ०.५०% |
| ९८- १० | | मेकानिकल लाइटर र यस्तै लाइटर, रासायनिक वा बिजूलीको लाइटर र यिनीहरूको पार्टपुर्जा समेत तर लाइटरको पत्थर र सलेदो बाहेक | ७०% | ०.५०% |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

1102

| | | | |
|---|---|---|---|
| ५८- १४ | व्यक्तिगत सजावटको काममा प्रयोग हुने अत्तर, यस्तै स्प्रेयर (पचका) र तिनीहरूको टुप्पो र माथिल्लो भाग | ३०% | ०.५०% |
| ५८- १५ | भ्याकुम फ्ल्याक्स र अन्य भ्याकुम फ्ल्याक्स भाँडा बट्टा सहितको तयारी, त्यस्को पार्टपुर्जा भित्र काँच भएको बाहेक | १५% | ०.५०% |



आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११०३

मुद्रण विभाग, सिंहदरबार

दृष्टव्य :

१. यस अनुसूचीमा उल्लेख भएको व्यवस्था बाहेक भन्सार महसूल दर सम्बन्धी अन्य व्यवस्था आर्थिक ऐन, २०४७ बमोजिम हुने छ।

२. अतिरिक्त भन्सार महसुल :

(क) साधारण भन्सार महसूल लाग्ने मालवस्तुको मूल्यमा देहाय बमोजिमको थप अतिरिक्त भन्सार महसूल लाग्ने छः

| साधारण भन्सार महसुल दर | अतिरिक्त भन्सार महसुल दर |
|---|---|
| (क) ५ प्रतिशत र १० प्रतिशतमा | २५ प्रतिशत |
| (ख) १५ प्रतिशत र २० प्रतिशतमा | ३५ प्रतिशत |
| (ग) २५ प्रतिशत र ३० प्रतिशतमा | ४५ प्रतिशत |
| (घ) ५० प्रतिशत र सो भन्दा माथि | ५५ प्रतिशत। |

तर, नेपालमा उत्पादन हुने खालको शत प्रतिशत कृत्रिम रेशा वा कृत्रिम रेशा तथा उनी धागोको मिश्रणबाट बुनिएको कपडाको पैठारी मूल्यमा १०० प्रतिशत अतिरिक्त भन्सार महसूल लगाई असूल गरिने छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९०४

३. <u>समिकारक महसुल</u> :

नेपाल अधिराज्यमा मालवस्तुहरु पैठारी हुंदा नेपालमा ती मालवस्तुहरुमा जति अन्तःशुल्क लाग्ने गरेको छ, सो बराबरको दरमा समिकारक ( Countervailing ) महसुल लगाई असुल गरिने छ। तर देहायको अवस्थामा निम्न बमोजिम हुनेछ :-

(क) औद्योगिक कच्चा पदार्थको रुपमा प्रयोग हुने मालवस्तुहरु उद्योगले पैठारी गर्दा त्यस्तो मालवस्तुको पैठारीमा समिकारक महसुल लाग्ने छैन।

(ख) अन्तःशुल्क दरबन्दीमा उल्लेख भएको तर नेपाल अधिराज्यमा हालसम्म उत्पादन भै नसकेका मालवस्तु पैठारी हुँदा समिकारक महसुल लाग्ने छैन।

(ग) चिनीको पैठारीमा समिकारक महसुल लाग्ने छैन।

(घ) सिमेन्टको पैठारीमा समिकारक महसुल लाग्ने छैन।

४. <u>विविध</u> :

(क) गुण्टा, रिछटी भारी आदेशानुसार यात्रुहरुले विदेशबाट आफूसंग ल्याएको वा आफू आउनु भन्दा अघि वा पछि ल्याएको माल सामानमा साधारण भन्सार महसूल, अतिरिक्त भन्सार महसूल तथा समिकारक महसूलको सट्टामा निम्न बमोजिम समदरको भन्सार महसूल दर लाग्नेछ :



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) २० प्रतिशत सम्म साधारण भन्सार महसूल लाग्ने मालवस्तुमा - ५० प्रतिशत

(२) २० प्रतिशत भन्दा बढी ३० प्रतिशत सम्म साधारण भन्सार महसूल लाग्ने माल वस्तुमा -७५ प्रतिशत

(३) ३० प्रतिशत भन्दा बढी ७० प्रतिशत सम्म साधारण भन्सार महसूल लाग्ने माल वस्तुमा -१२५ प्रतिशत

(४) ७० प्रतिशत भन्दा बढी साधारण भन्सार महसूल लाग्ने माल वस्तुमा -१७५ प्रतिशत

तर, अतिरिक्त भन्सार महसूल नलाग्ने गरी तोकिएका मालवस्तुहरुमा पैठारी हुंदा समदर नलगाई प्रचलित साधारण भन्सार महसूल दर मात्र लागू हुनेछ।

(ख) देहायका मालवस्तुहरु पैठारीमा अतिरिक्त भन्सार महसूल लाग्ने छैन :

(१) जडान उद्योग बाहेक अन्य उद्योगहरुले पैठारी गर्ने मेशिनरी तथा उत्पादनको अवस्थामा बिक्री कर बुझाउने उद्योगहरुले पैठारी गर्ने कोरामाल, सहायक कोरामाल र रासायनिक पदार्थ तथा प्याकिङ्ग मेटेरियल्समा।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर जडान गर्ने (एसेम्बलिङ्ग) उद्योगको हकमा खण्ड (ज) बमोजिम हुनेछ।

(२) औषधि र औषधोपचारका उपकरण तथा माल सामान।

(३) कृषि औजार तथा बालीनालीमा प्रयोग हुने कृषि सम्बन्धी किटनाशक औषधि।

(४) अखबार छाप्ने कागज।

(५) कच्चा ऊन।

(६) सिंचाइको लागि प्रयोग हुने पम्प र ट्यूववेल तथा तीनका पार्टपूर्जा।

(७) वैज्ञानिक प्रयोगशाला सम्बन्धी उपकरण तथा त्यसका पार्टपूर्जा।

(८) कम्प्यूटर र त्यससंग सम्बद्ध उपकरण तथा त्यसका पार्टपूर्जा।

(९) सुन र त्यसका गहना (क्षिटी गुण्टा आदेश अनुसार आयश्रोतका आधारमा पैठारी हुने मात्र)।

(१०) चिनी

(११) तोरी, सरस्यूँ, तिल, मकै, भटमास, बदाम (मुङ्फली) र सूर्यमुखीको प्रशोधित खाद्य तेल

(१२) धुलो दुध, शिशु आहार

(१३) जिरा, मरिच, धनियाँ



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१४) दुधदानी र दुधदानीको मुन्टो

(१५) सुति कपडा, सुति साडी

(ग) श्री ५ को सरकार वा श्री ५ को सरकारको स्वामित्व रहेको संघ संस्था वा पब्लिक लिमिटेड कम्पनीहरूबाट घरेलु उद्योगहरूलाई उपलब्ध गराउन गन मेटल पैठारी गरेमा लाग्ने अतिरिक्त भन्सार महसूलमा असी प्रतिशत छूट हुने छ।

(घ) अतिरिक्त भन्सार महसूल छूट भएका मालवस्तु उत्पादन गर्ने उद्योगले कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा रासायनिक पदार्थ पैठारी गरेमा त्यस्ता कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा रासायनिक पदार्थको पैठारीमा अतिरिक्त भन्सार महसूल लाग्ने छैन।

(ङ) भारतबाट पैठारी हुने सबै प्रकारका मालवस्तुमा लाग्ने अतिरिक्त भन्सार महसूल पूर्णरूपमा छूट हुने छ।

(च) अधिकतम सौविध्य प्राप्त मुलुकबाट तथा सार्कका सदस्य भएका मुलुकबाट पैठारी हुने सामानमा लाग्ने अतिरिक्त भन्सार महसूलमा ५ प्रतिशत छूट दिइने छ।

(छ) जन गणतन्त्र चिनको स्वसाशित क्षेत्र तिब्बतबाट पैठारी हुने माल सामानमा लाग्ने अतिरिक्त भन्सार महसूलमा ५० प्रतिशत छूट हुने छ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) सबै किसिमका जडान उद्योगहरूले पैठारी गर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ (रासायनिक पदार्थ बाहेक) को पैठारीमा थप पन्ध्र प्रतिशत अतिरिक्त भन्सार महसूल लाग्ने छ।

(झ) बिक्री कर दरबन्दीमा उल्लेख नभएका र बिक्री कर दरबन्दीमा माफी जनिएका वस्तुहरू उत्पादन गर्ने उद्योगहरूले पैठारी गर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा प्याकिङ्ग मेटेरियलमा लाग्ने अतिरिक्त भन्सार महसूल छूट हुनेछ।

(ञ) श्री ५ को सरकारको वा श्री ५ को सरकारको स्वामित्वमा रहेको संस्थाको पूर्ण वा आंशिक स्वामित्व रहेको संस्था वा पब्लीक लिमिटेड कम्पनीबाट घरेलु उद्योगहरूलाई बिक्री गर्ने उद्देश्यले आयात गरिने प्लाष्टिक, पोलीथिन र पि. भि. सी. मा आधारित कच्चा पदार्थको पैठारीमा लागेको अतिरिक्त महसूलमा ८० प्रतिशत छूट दिइने छ।

(ट) श्री ५ को सरकार वा श्री ५ को सरकारको स्वामित्व रहेको संस्थाको पूर्ण वा आंशिक स्वामित्व रहेको संस्था वा पब्लीक लिमिटेड कम्पनीबाट घरेलु उद्योगहरूलाई बिक्री गर्ने उद्देश्यले आयात गरिने तामा र पित्तलका पत्रु, पित्तलका तार, इन्गट तथा सिटहरूमा लाग्ने अतिरिक्त महसूलमा ८० प्रतिशत छूट हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 9905

(ठ) छाला उद्योगले प्रयोग गर्ने कच्चा पदार्थ तथा रासायनिक पदार्थको पैठारीमा अतिरिक्त भन्सार महसूल लाग्ने छैन।

(ड) नेपाली लेखक वा प्रकाशकले नेपाल अधिराज्य बाहिरबाट मुद्रण गरी पैठारी गरेको पुस्तकमा व्यवसायीक छपाई वापत १० प्रतिशत महसूल दर मात्र लाग्ने छ।

(ढ) तयारी पोशाक उद्योगले कच्चा पदार्थको रूपमा पैठारी गर्ने रेयन कपडामा सूती कपडामा लाग्ने भन्सार महसूल बराबरको बैंक ग्यारेण्टी लिई बण्डेड वेयरहाउसमा राख्न पाउने छ।

(ण) निम्न लिखित मालवस्तुको पैठारीमा लाग्ने भन्सार महसूल पूर्ण रूपले छूट दिईने छः

(१) पर्यटन उद्योगको प्रचार तथा प्रवर्द्धनको लागि नेपाल अधिराज्य बाहिरबाट छपाई ल्याएको स्तरीय प्रचार सामग्री,

(२) सौर्यशक्ति, गोबरग्याँस लगायत सबै बायोग्याँसको लागि आवश्यक पर्ने उपकरणहरू र त्यसका पार्टपुर्जाहरू,

(३) दूरसंचार सेवा सञ्चालन तथा विस्तारको लागि पैठारी गरिने यन्त्र, उपकरण, दूरसंचार तथा त्यसका पार्टपुर्जाहरू,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ११११

(४) स्वीकृति प्राप्त स्तरीय अस्पताल संचालनको लागि आवश्यक पर्ने उपकरण तथा औजारहरू र

(५) कृषिजन्य उत्पादन, फलफूल, माछा आदि सुरक्षित गर्न निर्माण गरिने शीत भण्डारहरूको लागि आवश्यक पर्ने यन्त्र तथा उपकरणहरू ।

(त) नेपाल अधिराज्यमा खिचिएको सिनेमा सम्बन्धी फिल्म तथा फोटो फिल्म धुन वा प्रिन्ट गर्न वा डेभलप गर्न विदेश लगी पुनः पैठारी गरेकोमा त्यसमा लागेको मूल्यको १० प्रतिशत साधारण भन्सार महसूल मात्र लाग्ने छ ।

(थ) भारतबाट डि.आर.पी. (ड्यूटी रिफण्डेवल प्रोसेड्यूर) फारामद्वारा पैठारी हुने मालवस्तुमा अनुसूची १ बमोजिम साधारण भन्सार महसूल दर लागू हुने छ। यसरी डि.आर.पी. अन्तरगत पैठारी हुने माल सामानको भन्सार प्रयोजनको लागि मूल्य कायम गरिंदा भारत सरकारबाट फिर्ता हुने शुल्क र करको रकम घटाई कारखाना वा डिपो मूल्यमा ढुवानी र बिमा बापतको रकम जोडिने छ। यसरी कायम हुने मूल्यमा साधारण भन्सार महसूल दर अनुसार महसूल हिसाब गरी त्यसमा भारत सरकारले फिर्ता गर्ने रकम घटाई बांकी रकम मात्र असूल गरिने छ ।

(द) औषधि उद्योगले पैठारी गर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा रासायनिक पदार्थ तथा पेकिङ्ग मेटेरियल्स (बोतल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समेत) मा एक प्रतिशत मात्र भन्सार महसूल लाग्ने छ र यसमा औषधि व्यवस्था विभागको सिफारिस हुनु पर्नेछ।

